## रुकुम पश्चिम जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि
## उज्यालो नेपाल पार्टीका उम्मेदवारको नरेन्द्र के.सी.को तर्फबाट

## निर्वाचन प्रतिबद्धता–पत्र २०८२

आदरणीय रुकुम पश्चिमका आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू !
रुकुम पश्चिम आज फेरि ऐतिहासिक मोडमा उभिएको छ। सशस्त्र द्वन्द्व, अभाव, पलायन र उपेक्षाको लामो इतिहास बोकेको हाम्रो जिल्ला अब आश्वासन होइन—वास्तविक परिणाम खोजिरहेको छ। क्रान्ति र बलिदानको धेरै इतिहास देखिसकेको रुकुमलाई अब क्रान्ति होइन, सुशासन, समृद्धि र सामाजिक न्याय चाहिएको छ। जेन–जी युवा विद्रोहले पुराना असक्षम राजनीतिक संस्कारलाई अस्वीकार गरिसकेको छ।
२१ वर्षको विकास अनुभव, रुकुमको माटोसँग गाँसिएको सम्बन्ध र उज्यालो नेपाल पार्टी को स्पष्ट भिजन बोकेर म नरेन्द्र के.सी. तपाईंहरूको प्रतिनिधिका रूपमा उभिएको छु। कुलमान घिसिङको नेतृत्वमा हामीले नेपाललाई उज्यालो बनाएझैं, अब रुकुम पश्चिमलाई पनि उज्यालो, आत्मनिर्भर र समृद्ध बनाउने संकल्प लिएर आएकाछौं ।
हाम्रो भिजन : आत्मनिर्भर, सुशासित र डिजिटल रुकुम पश्चिम रुकुम पश्चिम प्राकृतिक स्रोत (जलस्रोत, जडीबुटी, पर्यटन सम्भावना), युवा शक्ति र सांस्कृतिक धरोहरले भरिपूर्ण छ। तर कुशल नेतृत्वको अभावमा पछाडि परेको छ। अब यो जिल्लालाई कसैको राजनीतिक प्रयोगशाला बनाइने छैन—विकासको प्राथमिकता बनाइनेछ।

हामीले रुकुमको पानी, जडीबुटी र युवा शक्तिलाई एकीकृत गरी आर्थिक आत्मनिर्भरताको नयाँ मोडेल खडा गर्नेछौं— जसमा कुनै पनि युवाले रोजगारीका लागि विदेश पसिना बगाउनु नपरोस्।

मुख्य प्रतिबद्धताहरूः

**१. सुशासन : शून्य सहनशीलता भ्रष्टाचारमा**

बजेटको हरेक पैसा पारदर्शी—जनताले मोबाइलबाटै योजना÷प्रगति हेर्न सक्ने डिजिटल प्रणालीको विकास गरिनेछ

- ❖ कुलमान घिसिङको जस्तै कार्यशैली : कमिसनतन्त्रको अन्त्य, पारदर्शी लेखापरीक्षण सञ्चालन गरिनेछ
- ❖ झण्डामुक्त सेवा : योग्यता र क्षमतामा आधारित अवसर, चाकरी÷सोर्सफोर्सको अन्त्य गरिनेछ।
- ❖ अधुरा पूर्वाधार तीव्र गतिमा सम्पन्न, अलपत्र उद्योग पुनरुत्थान गर्ने व्यवस्था मिलाइनेछ।

**२. ऊर्जा र जलस्रोतः रुकुमेली लगानी, रुकुमेली लाभ**

सानीभेरी र ठुलीभेरीमा चिलिमे मोडल लागू—स्थानीयको सेयर सुनिश्चित गरिनेछ।

पहिलो चरणमा विपन्नलाई, दोस्रोमा सबैलाई निःशुल्क विद्युत्।

रुकुमको पानीले रुकुमेलीको खल्ती भर्ने व्यवस्था।

**३. डिजिटल रुकुम र स्मार्ट कनेक्टिभिटी**

बाह्रै महिना धुलो र हिलोमुक्त सुरक्षित सडक प्रत्येक वडामा विकास गरिनेछ।

हाइ–स्पीड इन्टरनेट : गाउँमै बसेर विश्वसँग जोडिने, रिमोट काम गर्ने अवसर जुटाइने छ।

**४. एकीकृत कृषि र आत्मनिर्भर रुकुम**

भूमि बैंक :  बाँझो जमिन संकलन गरी युवा तथा सहकारीलाई लिजमा उपलब्ध गराइनेछ।

सिँचाइ क्रान्ति, प्राङ्गारिक हब, फलफूल जोन (स्याउ, सुन्तला, किवी), उन्नत बीउ, औजार अनुदान दिने व्यवस्था मिलाइने छ।

मूल्य अभिवृद्धि :  कोल्ड स्टोर, प्रशोधन उद्योग—किसानलाई उद्यमी बनाउने व्यवस्था मिलाइने छ।

पशुपालन सशक्तीकरण, बाली तथा पशु बीमा, न्यूनतम समर्थन मूल्य तोकिनेछ।

**५. युवा स्वरोजगार र पर्यटन**

५ वर्षमा १० हजार युवालाई जिल्लामै स्वरोजगार (जलविद्युत्, कृषि, प्रविधि) सिर्जना गरिनेछ।

सिस्ने हिमालदेखि स्यार्पू तालसम्म पर्यटकीय पदमार्ग, ¥याफ्टिङ, होमस्टे—विश्वस्तरीय गन्तव्य बनाइनेछ।

**६. शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन**

**शिक्षा :** प्राविधिक शिक्षालय, स्मार्ट क्लास, डिजिटल लर्निङ, उज्यालो छात्रवृत्ति कोष स्थापना गरिने छ

स्वास्थ्य :  घरदैलो मोबाइल हेल्थ युनिट, निःशुल्क बिमा, टेलिमेडिसिन, प्रसूति सुरक्षा, जिल्ला अस्पताललाई रेफरल सेन्टर बनाइनेछ।

**७. कुपोषणमुक्त र स्वस्थ रुकुम**

सुनौला १००० दिन प्याकेज, रैथाने बालीलाई सुपरफूड, एक घर एक करेसाबारी अभियान सञ्चालन गरिनेछ।

**८. जलवायु अनुकूलन र संरक्षण**

मुहान संरक्षण, हरित ऊर्जा, विपद् पूर्वसूचना प्रणालीको विकास गरिनेछ।

**९. सफा र सुन्दर रुकुम : फोहोरबाट मोहर**

वेस्ट–टु–इनर्जी, घरैबाट वर्गीकरण, स्मार्ट डस्टबिन, भेरी, स्यार्पू स्वच्छता अभियान सञ्चालन गरिनेछ।

**१०. पालिकास्तरीय विशिष्ट योजना८८ (६ पालिका, ६ संकल्प)**

मुसिकोट : स्मार्ट सिटी, पर्यटकीय तथा व्यापारिक हब।

चौरजहारी : औद्योगिक क्षेत्र, भेरी करिडोर केन्द्र।

आठबिसकोट: ऊर्जा, फलफूल, जडीबुटी हब।

सानीभेरी : जल–पर्यटन, एकीकृत कृषि।

बाँफिकोट : विश्वस्तरीय पर्यटन (स्यार्पू ताल, सिस्ने)।

त्रिवेणी : पशुपालन, नगदेबाली केन्द्र।

**११. सुरक्षित पुनर्निर्माण र एकीकृत बस्ती (भूकम्पबाट पाठ सिक्दै) बसाउने व्यवस्था मिलाइनेछ।**

**१२. गैरसरकारी संस्था तथा समुदायलाई विकास साझेदारी गरिनेछ।**

**१३. जातीय विभेद अन्त्य : व्यवहारमा समानता (चार–सु रणनीति) को व्यवहार अपनाइनेछ।**

**१४. सामाजिक सुरक्षा : कोही एक्लो (ज्येष्ठ, अपाङ्ग, एकल महिला, कडा रोगी) हुने छैन ।**

**१५. कर्मचारी÷शिक्षक समस्या समाधान (राहत, करार स्थायीकरण, विभेद अन्त्य) गरिनेछ।**

**१६.  खेलकुद : रुकुमका खेलाडी, देशका शान (गाउँ–गाउँमा पूर्वाधार) बढाइने छ।**

अन्तिममा, रुकुम पश्चिम भाग सँग दुई बाटो छ :  एउटा पुरानो आश्वासनको बाटो र अर्को परिवर्तन र उज्यालो भविष्यको बाटो। मसँग योजना छ, इमान छ, अनुभव छ र कुलमान घिसिङको नेतृत्व छ। म संसदमा रुकुमेलीको वकालत गर्न जान्छु—कुनै दलको अन्धभक्त होइन।

**चुनाव चिह्न : प्रत्यक्ष तर्फ बिजुलीको चिम र समानुपातिक तर्फ बाँसुरी चिन्हमा आफ्नो अमूल्य मत दिएर सेवागर्ने अवसर दिनुहोस्, धन्यवाद।**

सुशासन  समृद्धि र  सामाजिक न्यायको लागि रुकुम पश्चिमबाट उज्यालो नेपालको सशक्त उपस्थिति

अब भोट बैंक होइन, भविष्य रोजौं ! रुकुम पश्चिममा नयाँ युगको सुरुवात

**परिवर्तन सम्भव छ—हामी रुकुम पश्चिमबाट सुरु गर्दैछौं।**

विनीत,

**नरेन्द्र के.सी.**
**प्रतिनिधिसभा सदस्य उम्मेदवार, रुकुम पश्चिम**
**उज्यालो नेपाल पार्टी**
**४ फागुन २०८२**